मितिः २०८०-०६-०९

# सूचना !

त्रिभुवन विश्वविद्यालय उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता २०७८ को संसोधन जानकारीको लागि ।

विषयः निर्णय पठाइएको सम्बन्धमा।

उपर्युक्त विषयका सम्बन्धमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को २०८० भाद्र १३ मा बसेको बैठकको निर्णय नं. २२६३ त्यस केन्द्र/कार्यालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध गर्दछु। निर्णयसँग सम्बन्धित फाइल यसैसाथ संलग्न छ/छैन।

विष्णुप्रसाद अर्याल
प्रमुख

निर्णय नं. २२६३

त्रि.वि. उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि, २०७८ मा संशोधन गर्ने निर्णय भयो।

| हालको अवस्था | संशोधन |
|---|---|
| दफा ४<br>४. उपाधि हासिल गरेको व्यक्तिले मान्यता वा समकक्षताको लागि निवेदन दिदासम्म यस केन्द्रबाट मान्यता तथा समकक्षता प्रदान नभएका विभिन्न विश्वविद्यालयका शैक्षिक उपाधिको मान्यता वा समकक्षता गराउनुपर्दा विशेष विधि अन्तरगत देहाय अनुसारका कागजातहरू पेश गर्नुपर्नेछः<br>(क) अनुसूचि– १ बमोजिम तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । यस्तो निवेदनको अनलाइन वा भौतिक माध्यमका बारेमा केन्द्रले सूचित गरे बमोजिम हुनेछ । | दफा ४क थप गर्ने<br>४क. समकक्षता प्रदान गर्न सकिनेः<br>(१) यस कार्यविधिको अन्य दफामा जुनसुकै कुरा लेखिएको भएता पनि Times Higher Education Ranking को विश्वविद्यालयको पछिल्लो अन्तर्राष्ट्रिय स्तरमा १ देखि ५०० सम्म रहेका विश्वविद्यालयको समकक्षताको सम्बन्धमा देहायबमोजिम हुनेछ।<br>(क) विद्यावारिधिको उपाधि प्राप्त व्यक्तिहरूको दफा ३ को उपपदफा (२) बमोजिमको |

Tel.: 4331838, E-mail: chief.ec@tu.edu.np, info.ec@tu.edu.np, P.O.Box No. 8212

| | |
|---|---|
| (ख) मान्यता वा समकक्षता माग गरिएको तह र सो भन्दा तल्लो तह उत्तीर्ण गरेको प्रमाणपत्रहरू, मूल प्रमाणपत्र वा दिक्षित नभएको अवस्थामा बढीमा ५ वर्ष अवधिसम्मको अस्थायी प्रमाणपत्र, ट्रान्सक्रिप्ट वा ट्रान्सक्रिप्ट जारी नगर्ने संस्थाको हकमा मार्कसिट र प्रमाणपत्र वा चारित्रिक प्रमाणपत्र ।<br>(ग) मान्यता वा समकक्षता माग गरिएको उपाधि भन्दा तल्लो तहको उपाधि अन्य विश्वविद्यालय वा शिक्षण संस्थाको भएमा सो उपाधिको त्रिभुवन विश्वविद्यालयवाट प्रदान गरिएको समकक्षता पत्रको प्रतिलिपि ।<br>(घ) विश्वविद्यालय तथा शैक्षिक संस्थालाई सम्बन्धित देशको विश्वविद्यालय अनुदान आयोग (UGC) वा अख्तियार प्राप्त नियमन निकायबाट स्वीकृती प्रदान गरिएको पत्रको प्रतिलिपि।<br>(ङ) विश्वविद्यालय तथा शैक्षिक संस्थाको परिचय पुस्तिका।<br>(च) अध्ययन गरेको तहको आधिकारिक पाठ्यक्रम (Course of Study / Syllabus) ।<br>(छ) शोधपत्र वा परियोजना प्रतिवेदन वा प्रयोगात्मक प्रतिवेदन र त्यसको विधुतीय प्रति ।<br>(ज) भारत बाहेक अन्यत्र देशमा अध्ययन गरेको भए राहदानी तथा भिसा वा अस्थायी-स्थायी बसोवास अनुमति पत्रको प्रतिलिपि ।<br>(झ) त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रको नाममा दस्तुर बुझाएको बैंक भौचर वा विद्युतीय भुक्तानीको प्रमाण ।<br>(ञ) यस दफा ४ अन्तर्गत निवेदकले पेश गरेको निवेदन र आवश्यक कागजात सम्बन्धित डीन कार्यालयमा राखेको | कागजात पेश गरेमा समकक्षता प्रदान गरिनेछ।<br>(ख) स्नातक, स्नातकोत्तर र दर्शनाचार्य तहको उपाधि प्राप्त व्यक्तिहरूको दफा ३ को उपपदफा (२) बमोजिमको कागजात पेश गरेमा अध्ययन संस्थान, सङ्कायले निर्धारण गरेको पाठ्यभार र क्रेडिट आवर पुगेको अवस्थामा विषय वा शिर्षक तोकी समकक्षता दिन सकिनेछ तर तोकिए वमोजिम नभएको अवस्थामा तह वा सम्वन्धित विषय भनी मान्यता दिन सकिनेछ । |

| | |
|---|---|
| लागि पठाइने छ र सोको राय प्राप्त भएपछि समितिले उपयुक्त निर्णय गर्नेछ। | |
| **५. मान्यता तथा समकक्षता सम्बन्धमा थप व्यवस्थाः** (क) मान्यता तथा समकक्षता निर्धारण गर्दा सम्बन्धित अध्ययन संस्थान-सङ्कायका न्यूनतम तहगत आधारहरू, प्रवेश योग्यता, अध्ययन अवधि-क्रेडिट आवर र पाठ्यभार अवलम्बन गरिनेछ । प्रवेश योग्यता, अध्ययन अवधि वा क्रेडिट आवर, पाठ्यभार त्रिभुवन विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान-सङ्कायले तोके बमोजिम हुनेछ। | **५. मान्यता तथा समकक्षता सम्बन्धमा थप व्यवस्थाः** (क) मान्यता तथा समकक्षता निर्धारण गर्दा सम्बन्धित अध्ययन संस्थान-सङ्कायका न्यूनतम तहगत आधारहरू, प्रवेश योग्यता, अध्ययन अवधि-क्रेडिट आवर र पाठ्यभार अवलम्बन गरिनेछ । प्रवेश योग्यता, अध्ययन अवधि वा क्रेडिट आवर, पाठ्यभार त्रिभुवन विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान-सङ्कायले तोके बमोजिम हुनेछ।<br>यस सम्बन्धमा नेपालका अन्य विश्वविद्यालय र विश्वविद्यालयको स्तरमा १ देखि ५०० सम्मको स्तरमा रहेका विश्वविद्यालयको प्रवेश योग्यता, अध्ययन अवधि वा क्रेडिट आवर, पाठ्यभारलाई पनि आधार बनाउन सकिनेछ। |
| दफा ५<br>(च) विद्यार्थीले अध्ययन अवधिभर सम्बन्धित संस्थामै विताएको प्रमाण (Valid visa, Entry-exit proof) आदि पेश गर्नुपर्नेछ। | **दफा ५ को खण्ड (च) मा देहायबमोजिम संशोधन गर्ने**<br>(च) विद्यार्थीले अध्ययन अवधिभर सम्बन्धित संस्थामै विताएको प्रमाण (Valid visa, Entry-exit proof) आदि पेश गर्नुपर्नेछ ।<br>तर सैद्धान्तिक कक्षाको हकमा अनलाइन पढेको भए मान्यता प्रदान गरिनेछ। |
| दफा ७<br>विद्यावारिधि तथा एम.फिल तहको समकक्षताको लागि अपनाईने कार्यविधि अन्तर्गत उल्लेखित विषयका अतिरिक्त निम्न बमोजिम हुनुपर्नेछ। | **दफा ७ मा देहाय बमोजिम संशोधन गर्ने**<br>१ देखि ५०० सम्म अन्तर्राष्ट्रिय स्तरमा रहेका विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा दफा ४क बमोजिम हुनेछ। अन्य विश्वविद्यालयको विद्यावारिधि तथा एम.फिल तहको |

त्रि.वि.सभा तथा कार्यकारी परिषद्

| | |
|---|---|
| (क) विद्यावारिधि तथा एमफिल तहको समकक्षताका लागि अनुसूची– २ मा उल्लेखित थप कागजातहरू पेश गर्नुपर्नेछ। | समकक्षताको लागि अपनाईने कार्यविधि अन्तर्गत उल्लेखित विषयका अतिरिक्त निम्न बमोजिम हुनुपर्नेछ।<br>(क) विद्यावारिधि तथा एमफिल तहको समकक्षताका लागि शोध प्रस्ताव प्रतिरक्षा गरेको प्रमाण र स्वीकृति भएको प्रमाण पेश गर्नुपर्नेछ। |
| दफा २५<br>**कार्यविधि संशोधन सम्बन्धी व्यवस्थाः** कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नुपरेमा उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिको सिफारिसमा प्राज्ञिक परिषद्को स्वीकृतिमा कार्यकारी परिषद्बाट गरिनेछ। | दफा २५<br>**कार्यविधि संशोधन सम्बन्धी व्यवस्थाः**<br>कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नुपरेमा कार्यकारी परिषद्बाट गरिनेछ। |

## अनुसूची २

## उपाधिको समकक्षताको लागि बुझाउनुपर्ने थप कागजातहरू

| शोध कार्य सम्बन्धी | | निर्देशक र सहनिर्देशक सम्बन्धी जानकारी | | Viva सम्बन्धी प्रमाणहरू | |
|---|---|---|---|---|---|
| १ | शोध प्रस्ताव प्रतिरक्षा गरेको प्रमाण र स्वीकृति भएको प्रमाण । | १ | शोध निर्देशक वा सहनिर्देशक सोही विश्वविध्यालयको नियमित प्राध्यापक भएको देखिने कागजात । | १. | Ph.D. को Viva तोकिएको पत्रको छायांप्रति । |
| २ | आवासिय प्रमाण । | २ | शोध निर्देशक वा सहनिर्देशक सोही विश्वविध्यालयको नियमित शिक्षक नभई अवकाश प्राप्त प्राध्यापक भएमा निजलाई सो विश्वविद्यालयले नियुक्ति गरेको पत्र वा सम्झौतापत्र । | २ | Viva लिने वाह्य परिक्षकको नाम र ठेगाना तोकिएको पत्र । |
| ३ | विद्यावारिधि तथा एमफिल तहको शोधपत्रको विधुतिय प्रति र सोको मौलिकता परिक्षण (Plagiarism test) प्रतिवेदन । | ३ | शोध निर्देशक वा सहनिर्देशक सोही विश्वविध्यालयको नियमित शिक्षक नभएमा आफु कार्यरत विश्व विद्यालयबाट अनुमति लिएको पत्र । | ३ | Viva मा शोध निर्देशकको उपस्थिति भएको प्रमाण । |
| ४ | कार्यरत संस्थाको पुर्वस्वीकृति वा स्वीकृति पत्र | ४ | सम्बन्धित निर्देशक वा सहनिर्देशकले Ph.D. उपाधि हासिल गरेको प्रमाण । | ४ | शोधपत्रको सम्बन्धित विश्वविद्यालयबाट प्रमाणित प्रति । |

अनुसूची २ हटाउने

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

Tel.: 4331838, E-mail: chief.ec@tu.edu.np, info.ec@tu.edu.np, P.O.Box No. 8212